



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com

सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं।
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं।
- समय-समयमा सवारी साधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०५ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 April 18 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२९

## जगतपुर स्वास्थ्य चौकीको अवस्था नाजुक

धर्मेन्द्र चौरसिया, पोखरिया, ४ वैशाख/
पोखरिया नगरपालिका-८ जगतपुरस्थित स्वास्थ्य चौकीको अवस्था एकदमै दयनीय भएको छ।



तस्वीरः प्रतीक

स्वास्थ्य चौकीमा दुईवटा कोठा मात्र छ। जसमा प्रशासनिक कामका साथै स्वास्थ्य परीक्षण गर्नुपर्ने बाध्यता छ। एउटा कोठालाई स्टोर रूम बनाइएको छ र त्यसको आधा भागमा महिलाहरूको उपचार हुने गरेको छ।

अर्को कोठामा दराज, कागजातहरू छन् र त्यहाँ औषधि राख्ने ठाउँको अभाव छ। फर्निचर जीर्ण अवस्थामा छ। शौचालयको झनै बिजोग छ। शौचालय अगाडि नाला छ र शौचालय जानको लागि सामान्य मान्छेलाई नाला पार गरेर जानुपर्छ भने बिरामीहरूलाई नाला पार गर्न समस्या हुने गरेको छ।

स्वास्थ्य चौकीका इन्चार्ज रामविनय गुप्ताले स्वास्थ्य केन्द्रको दयनीय अवस्थाबारे वडा कार्यालय र नगरपालिकाको ध्यानाकर्षण गराएको तर सुधार नभएको बताएका छन्। उनले पटक-पटक स्वास्थ्य केन्द्रबारे ध्यानाकर्षण गराउँदा पनि केही काम नभएको दुःखेसो पोखे।

वडाध्यक्ष किशोरी साहले नगरपालिकाको ध्यानाकर्षण गराएको र अहिलेसम्म काम हुन नसकेको स्विकारे। उनले वडाकै बजेटबाट भए पनि स्वास्थ्य केन्द्रको स्तरोन्नतिको लागि प्रयास नगरेको स्थानीयको गुनासो छ। वडाध्यक्षले आफ्नो वडाको स्वास्थ्य चौकीको स्तरोन्नतिमा चासो दिनुपर्ने हो तर नगरपालिकाको टाउकोमा दोष थोपरेर दोषमुक्त हुन खोजेको स्थानीयको आरोप छ।

## छ्वाली जलाउने क्रममा पाँच कट्ठा गहुँ जलेर नष्ट

सुग्रीव साह, भिस्वा, ४ वैशाख/
छिपहरमाई गाउँपालिकाको भिस्वामा पाँच कठ्ठामा लगाइएको गहुँखेतीमा आगलागी भएको छ। गहुँ कटान गरेपछि छ्वालीमा आगो लगाउने क्रममा राधासाह कानूको पाँच कठ्ठा गहुँ जलेर नष्ट भएको हो।



तस्वीरः प्रतीक

छ्वालीमा आगो लगाउने किसानले अव्यवस्थित तरीकाले आगो लगाएका कारण छ्वालीको आगोबाट कानूको पाँच कठ्ठा गहुँ जलेर नष्ट भएको हो। अहिले गहुँखेती गर्नेहरूले धान रोप्नको लागि गहुँ काटेपछि छ्वालीमा आगो लगाइरहेका छन्। आगो लगाउने क्रममा किसानहरू गैरजिम्मेवार हुँदा यस्ता घटना प्रायः हुने गरेको छ।

यसैगरी बारामा एकै दिन चार स्थानमा आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ।

जीतपुरसिमरा उपमहानगरपालिका, महागढीमाई नगरपालिका, कलैया उपमनपा र देवताल गापामा गरी एकै दिन चार स्थानमा आगलागी भएको छ।

आगलागीबाट ३० लाखभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ। जीतपुरसिमरा उपमनपा-१ पथलैया बस्ने शारदादेवी क्षत्रीको जग्गामा हाइवा इनफाटेट प्रालिले बिजुलीको सामान भाडामा राखेकोमा मञ्जु भट्टराईको करेसाबारीमा फोहोर जलाउने क्रममा आगलागी भएको र करीब बीस लाखको क्षति भएको प्रहरीले जनाएको छ।

महागढीमाई नपा-१ बरियारपुरका भोला चुडिहारले गँहुको ठुटो (छ्वाली) जलाउने क्रममा आगलागी हुँदा सातजना छिमेकीको गहुँ बाली नष्ट भएको र डेढ लाख क्षति भएको छ।

कलैया उपमनपा-१२ शीतलपुरमा पनि सोनालाल यादवले गँहुको छ्वालीमा आगो लगाउँदा आगो सल्किएर रसुला आलम, भास्करप्रसाद साह र मकसुद अंसारीले सञ्चालन गरेको बारा पोल्ट्री फर्ममा आगलागी भएको थियो। आगलागीमा करीब ५ लाखको क्षति भएको बताइएको छ।

देवताल गापा-७ पिपरपाती बस्ने विजय यादवले छ्वाली जलाउने क्रममा आगो सल्किंदा दिनानाथ यादवको एक बिघा खेतको गहुँ जलेर नष्ट भएको बारा प्रहरीले जनाएको छ।

## पर्सामा आगलागीका ८२ वटा घटना, तीनजनाको मृत्यु

प्रस, वीरगंज, ४ वैशाख/
जिल्ला प्रहरी कार्यालय, पर्साले चालू आव २०७८/७९ मा पर्सा जिल्लामा आगलागीका घटना सबैभन्दा बढी भएको जनाएको छ।

यो आवको चैत मसान्तसम्म पर्सा जिल्लामा आगलागीका ८२ वटा घटना भएको र त्यसमा तीनजनाको मृत्यु भएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए। उनले आगलागीको घटना सबैभन्दा बढी भएपनि पोखरीमा डुबेर मृत्यु हुनेको सङ्ख्या बढी भएको बताए।

उनले चैत मसान्तसम्म पोखरीमा डुबेर १२ जनाको मृत्यु भएको बताए। ११ वटा घटनामा १२ जनाको डुबेर मृत्यु भएको प्रवक्ता खनालले बताए।

यसैगरी, आगलागीपछि सबैभन्दा बढी १६ वटा करेन्टका घटना दर्ता भएको र त्यसमा नौजनाको मृत्यु भएको प्रवक्ता खनालले बताए। यसैगरी, शीतलहरबाट दुईजना, जनावर आक्रमणबाट एकजना र अन्य घटनामा एकजनाको मृत्यु भएको उनले जानकारी गराए।

आगलागीको घटनामा चौपायाहरूको पनि मृत्यु भएको र घर जलेर नष्ट भएको घटना पनि भएको उनले बताए।

## दुई सयजनाले मुआवजा पाए, ८४ जनाले बुझ्दै
## १५१ जना मुआवजा पाउनबाट अझै वञ्चित

नितेश कर्ण, वीरगंज, ४ वैशाख/
जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले वीरगंज महानगर-२५ श्रीसियास्थित सुक्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकीबीचको सरकारले अधिग्रहण गरेको जग्गामध्ये दुई सयजनालाई मुआवजा वितरण भएको र ८४ जनाको वितरण प्रक्रियामा रहेको बताएका छन्।



मुआवजा वितरणको लागि प्रजिअलाई ध्यानाकर्षण गराउँदै। तस्वीरः फाइल

सूचना अधिकारी पौडेलले ६२ बिघा जग्गा सरकारले अधिग्रहण गरेको र सोबापत करीब सात अर्ब रुपैयाँ मुआवजा दिनुपर्नेमा तीन अर्ब वितरण भइसकेको र एक अर्ब मुआवजाबापतको रकम वितरण भइरहेको बताए। उनले सो जग्गा २०६४ सालमा अधिग्रहण भएकोमा २०७७ माघदेखि मुआवजा वितरण शुरू भएको बताए। पहिलो चरणमा डेढ अर्ब, दोस्रो चरणमा एक अर्ब, तेस्रो चरणमा ५० करोड र अहिले चौथो चरणमा एक अर्ब रुपैयाँ मुआवजा वितरणको लागि आएकोमा ८४ जनालाई वितरण गर्ने प्रक्रियामा रहेको बताए।

कुल ४३५ जनाले मुआवजाको लागि निवेदन दर्ता गराएकामा २८४ जनालाई मुआवजा दिइसकेपछि बाँकी १५१ जनालाई मुआवजा दिने तयारी थाल्ने र सोको लागि निवेदनहरू छानबीनको प्रक्रियामा रहेको बताए।

## ठोरीमा टाइफाइडविरुद्ध खोप अभियान

प्रस, ठोरी, ४ वैशाख/
वैशाख ७ गतेदेखि १३ गतेसम्म म्यादीज्वरो (टाइफाइड) रोगविरुद्ध ठोरी गाउँपालिकामा खोप अभियान सञ्चालन हुने भएको छ।



ठोरी गापा-४, विजयबस्तीको निर्मलबस्ती स्वास्थ्य चौकीमा वडा खोप समन्वय समिति तथा सञ्चारकर्मीहरूका लागि टाइफाइड खोपबारे आइतवार अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा स्वास्थ्य चौकी प्रमुख मोहम्मद हबीबले खोप अभियानबारे जानकारी गराएका थिए।

उनले नेपालमा २०७८ चैत्र २५ देखि २०७९, वैशाख १८ सम्म १५ महीनादेखि १५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि म्यादी ज्वरोविश्रुद्ध राष्ट्रिय खोप अभियान सञ्चालन भइरहेको छ र उक्त अभियान सफल बनाउन ठोरी गापाले पनि खोप कार्यक्रम सञ्चालन गर्न लागेको बताए।

टाइफाइड रोगबाट १५ महीनादेखि १५ वर्षसम्मका बालबालिका नै बढी ग्रसित हुन्छन् र अभियानमा सोही उमेरका बालबालिकालाई लक्षित समूह बनाइएको पनि हबीबले बताए। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक १ लाख जनसङ्ख्यामा १०० भन्दा बढीलाई म्यादीज्वरो देखिएमा त्यसलाई महामारीका रूपमा लिनुपर्ने मापदण्ड रहेकोमा वि.सं २०७८ को राष्ट्रिय जनगणना अनुसार ठोरी गापाको कुल जनसङ्ख्या १७ हजार ४ सय २४ मध्ये १००० भन्दा बढीमा यो रोग देखिएकोले ठोरीको अवस्था निकै संवेदनशील रहेको उनको भनाइ थियो।

म्यादीज्वरो सङ्क्रमणका तीन चरण हुने तथा पहिलो र दोस्रो चरणको

(बाँकी अन्तिम पातामा(

## विचारसार र सूक्तिहरू

सुन्दरता ध्यानाकर्षणको माध्यम बन्न सक्छ। तर असल चरित्रले भित्रैदेखि सुन्दर बनाउँछ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## यद्यपि चुनाव लागिसकेको छ

**वैशाख ३० गते निर्वाचन हुने कुरा निश्चितप्राय: भइसकेको छ। उम्मेदवारहरू चुनाव प्रचारप्रसारमा पनि लागिसकेका छन्। तर प्रचारको शैली अव्यक्त छ। भोट त मागिरहेका छन् तर उम्मेदवार पो हुन पाइने हो कि होइन भन्ने संशय मनमा घर गरेर बसेको छ। कारण गठबन्धनको केन्द्रीय सरकारको आयु यस निर्वाचन परिणामसँग नराम्ररी गाँसिएको छ। गठबन्धनका पाँच राजनीतिक दल एक्लो एमालेसँग प्रतिस्पर्धा गरेर जित्ने रणनीतिमा छन्। अन्यथा गठबन्धनको भविष्य अन्धकारमा पर्छ। सरकार त गठबन्धनको बन्यो तर विपरीत सिद्धान्त, विपरीत महत्त्वाकाङ्क्षा भएका कारण सबैको दाउ प्रमुख–प्रमुख स्थानीय तहमा आफ्नो उम्मेदवारलाई स्वीकृति पाइयोस् भन्ने दाउमा छन्। मुख्यत: देशका ६ महानगरपालिका र १७ उपमहानगरपालिकामा गठबन्धन सरकारका सबै दलहरूको आँखा छ। यी ठाउँमा गठबन्धनबीच मत्यैक्य हुन सक्यो भने सबै कुरा ठीकठाक हुन्छ, अन्यथा गठबन्धनको अर्थ रहँदैन। गठबन्धन गर्दा कार्यकर्ता निराश हुने, नगर्दा पाएको पद गुम्ने दुरधिसन्धिमा गठबन्धन दलहरू परेका छन्।**

**तर गठबन्धन हुने–नहुने कुरा अहिलेसम्म प्रस्ट भइसकेको छैन। गठबन्धनविना आफ्नो अस्तित्व खेर जाने देखेका पार्टी–नेताहरूको आफ्नो छटपटी छ। कुनै काकताली परेर निर्वाचन नै किन नसार्नु परोस्, गठबन्धन चाहिं अपरिहार्य देखेका यी साना–कमजोर दलहरूले गर्दा गठबन्धनलाई बाध्यता बनाइरहेको छ। गठबन्धन केही 'तेरो केही मेरो'बीचको सम्झौता हो। तर नेपालका नेताहरू त सेरोफेरो सबै मेरो भन्ने सिद्धान्तमा विश्वास गर्छन्। अप्ठ्यारो त्यहीं परेको छ। यस अप्ठ्यारोले गर्दा उम्मेदवारहरू खुलेर आफ्नो पक्षमा प्रचार गर्न सकिरहेका छैनन्। आज मेहनत गऱ्यो भोलि उम्मेदवार नै बन्न नपाउने आशङ्काले गठबन्धित दलका उम्मेदवारहरूमा हताशा बढ्दै गइरहेको छ। अब निर्वाचनका लागि जम्मा २६ दिन बाँकी छ। एमाले एक्लै वा कुनै सानो दलसँग मिलेमतो गरी चुनावमा जाने हुनाले उसका उम्मेदवारहरूलाई त्यति सास्ती चिन्ता छैन। तर प्रतिपक्षी गठबन्धनको रणनीति नआइसकेको अवस्थामा उसले पनि उम्मेदवार घोषणा गर्न सकेको छैन। हुनत उम्मेदवारको घोषणा पार्टीले जुन बेला पनि गर्न सक्छ, तर प्रतिपक्षी उम्मेदवारको भेउ नपाउन्जेल घोषणामा हतार गर्नु लाभदायक हुन सक्दैन।**

**उम्मेदवारी नामाङ्कन गर्ने दिन एक हप्ता मात्र बाँकी छ। तर चुनावी अभियानमा होमिनेहरूका लागि एक हप्ता ठूलो समय हो। यस बेला उनीहरू निर्धक्क भएर प्रचारप्रसारमा जान चाहन्छन्। तर अलमले नेताहरूको स्वार्थ पूरा हुने सम्झौता नटुङ्गिउन्जेल उम्मेदवार कार्यकर्ताहरूले धैर्य धारण गर्नैपर्छ। खासमा राजनीतिप्रति समर्पित कार्यकर्ताहरूका लागि समयको ठूलो महत्त्व हुन्छ। उनीहरूले जीवनभरि राजनीतिका लागि काम गरेका हुन्छन्, त्यस क्रममा उनका पार्टीगत र व्यक्तिगत समर्थक हुन्छन्। लामो समयको जनसेवाको फल पाउने अवसर पनि यही हो। उनीहरूको क्रियाशीलता कुण्ठित हुँदा निर्वाचन परिणाममा पनि प्रभाव पर्छ। गठबन्धन भनेको साना र कमजोर दलहरूका लागि प्रभावकारी चुनावी रणनीति हो। गठबन्धन आफैंमा निन्दनीय होइन, तर ठूला र स्थापित दलहरूले स्थानीय निर्वाचनमा समेत गठबन्धन गर्दा उनका धेरै कार्यकर्ता हकबाट वञ्चित हुन्छन्। यसले पार्टीगत सङ्गठनमा हानि पुऱ्याउँछ। बाँकी दलका नेताहरूले बुझ्ने कुरा हो।**

# ऐतिहासिक विश्वव्यापी आर्थिक सङ्कटको कारण

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**युद्धको प्रभावले जहाँ एकातिर धेरैजसो देशहरूको आर्थिक स्थिति दयनीय भयो त्यहीं अर्कोतिर केही देश यस्ता पनि थिए जसको उत्पादन युद्धकालमा पनि ठप्प भएन। युद्ध उनीहरूको लागि आर्थिक अभिवृद्धिको अवसर बन्यो।**

हाल रूस र युक्रेन युद्धको प्रत्यक्ष असर विश्वभरि देखापरिरहेको छ। तेस्रो विश्वयुद्धको सम्भावना बढ्दै गएको छ, जसको भयावह परिणाम बुझ्न प्रथम विश्वयुद्धपछि उत्पन्न ऐतिहासिक विश्वव्यापी आर्थिक सङ्कट अवलोकन गर्न र त्यसबाट सबक सिक्न जरूरी छ। प्रस्तुत आलेखमा सोबारे चर्चा गर्ने जमर्को गरिएको छ।

प्रथम विश्वयुद्धको आर्थिक परिणामबाट के स्पष्ट हुन्छ भने युद्ध पछि विजेता र विजित दुवै देशको आर्थिक स्थिति दयनीय भएको थियो। युद्धमा दुवै पक्षको ठूलो धन व्यय भएको थियो। युद्धले गर्दा विकास कार्य ठप्प हुन पुगेको थियो। विजयी राष्ट्रहरूले हारेका राष्ट्रसँग क्षतिपूर्ति असुल गर्न दबाब दिन थालेका थिए तर त्यसमा आशा अनुरूप सफलता प्राप्त भइरहेको थिएन। कारण के थियो भने हारेको देश जर्मनीसँग क्षतिपूर्ति दिनका लागि केही छँदै थिएन किनभने उसको प्राकृतिक स्रोतमाथि जितेका देशहरूको कब्जा थियो।

युद्धबाट युरोपेली औद्योगिक विकासले ठूलो नोक्सानी बेहोर्नुपऱ्यो जसले गर्दा विकसित देशहरूले पनि केही निर्यात गर्न सकिरहेका थिएनन् र आर्थिक स्थिति दयनीय भएको थियो। यसको प्रभाव धनी देश अमेरिकामाथि पनि पऱ्यो र उसले अन्य देशहरूलाई ऋण दिन छाड्यो। परिणामस्वरूप ऋणी देशहरूले ऋण भुक्तान गर्न बन्द गरे। परिणाम के भयो भने विश्वमैं बेरोजगार र भोकमरी फैलिन थाल्यो। प्रशासन अस्तव्यस्त भयो र राजनीतिज्ञ र अर्थशास्त्रीहरू विचलित भएर कारण खोतल्न थाले।

यस विश्वव्यापी आर्थिक सङ्कटका निम्न कारणहरू थिए–

**विश्वयुद्धबाट उत्पन्न परिस्थिति :** आर्थिक सङ्कटको सबैभन्दा महत्त्वपूर्ण कारण विश्वयुद्धबाट उत्पन्न परिस्थितिहरू थिए। कारण के थियो भने यसभन्दा पूर्व भएको नेपोलियन युद्ध र अमेरिकाको गृहयुद्धले पनि आर्थिक सङ्कट ल्याएको थियो। खासगरी युद्धको बेला सैन्यशक्तिमा अत्यधिक वृद्धि हुन्छ सँगसँगै युवाशक्ति सेनामा भर्ती भएपछि श्रमिकको सङ्ख्यामा कमी हुन्छ र श्रम मूल्य र रोजगारको अवसर बढ्छ। यसबाट केही समयको लागि वृद्धि भए पनि पछि आर्थिक सङ्कट उत्पन्न हुन्छ। प्रथम विश्वयुद्धपछि पनि यही भयो। सन् १९१९ मा युद्ध समाप्त भएको १० वर्ष पछि सन् १९२९ मा विश्वलाई आर्थिक सङ्कट झेल्नुपरेको थियो।

**युद्धकालीन ऋण :** आर्थिक सङ्कटको अर्को कारण युद्धकालीन ऋण थियो। युद्धमा संलग्न राष्ट्रहरूलाई ठूलो धनराशि अन्य राष्ट्रसँग ऋण लिएर खर्च गर्नुपरेको थियो। युद्ध समाप्त भएपछि त्यो ऋण चुक्ता गर्ने उनीहरूको सोच थियो तर युद्धपछि चुक्ता गर्न अप्ठेरो पर्न थाल्यो। युरोपका धेरैजसो देशले इङ्ग्ल्यान्डसँग ऋण लिएका थिए र इङ्ग्ल्यान्डले अमेरिकासँग। इङ्ग्ल्यान्डले गरेको लगानी हासिल गर्न नसकेकोले अमेरिकासँग लिएको ऋण चुक्ता गर्न सकेन। परिणामस्वरूप स्वर्ण मुद्राभन्दा कागजी मुद्रा प्रचलित भयो।

**युद्धमा वृद्धि :** युद्धको प्रभावले जहाँ एकातिर अधिकांश मुलुकको आर्थिक स्थिति दयनीय भयो त्यहीं अर्कोतिर केही देश यस्ता थिए जसको उत्पादन युद्धकालमा पनि ठप्प भएन। युद्ध उनीहरूको लागि आर्थिक अभिवृद्धिको अवसर बन्यो। शान्ति स्थापित हुनासाथ दैनिक वस्तुको मागमा वृद्धि भयो तर उत्पादन बढेन। फलस्वरूप त्यस्ता वस्तुहरूको मूल्यमा वृद्धि हुन थाल्यो। यसको फाइदा अमेरिका र जापानलाई भयो र उनीहरूको आर्थिक स्थिति सबल भयो।

**यन्त्रहरूको वैज्ञानिकीकरण :** युद्धको बेला लाखौं मानिसले ज्यान गुमाएको कारण कलकारखाना र कृषिको क्षेत्रमा काम गर्ने मानिसको अभाव हुन थाल्यो। यस कारण उनीहरूले नयाँ–नयाँ यन्त्र आविष्कार गरे र श्रमिकको ठाउँ मेशीनले लिन थाल्यो। यसबाट गुणस्तरीय उत्पादन तयार हुन थाल्यो। युद्ध समाप्त भएपछि मानव शक्ति पुन: उपलब्ध भयो तर उनीहरूका लागि जागीर थिएन। यसबाट युरोपमा आर्थिक सङ्कटको बादल देखा पऱ्यो।

**सुन वितरणमा विषमता :** युरोपेली देशहरूलाई ऋण दिने देशहरूमा सबैभन्दा प्रमुख अमेरिका नै थियो। अमेरिकाले लगानी गरेको ऋणको भुक्तान सुनको रूपमा लिन्थ्यो। यसरी युरोपेली देशहरूको सुन अमेरिकामा थुप्रिन थाल्यो। यसबाहेक उसले गरेको उत्पादन पनि यिनै देशमा निर्यात हुन्थ्यो। यसबाट त्यहाँ धनको मात्रामा वृद्धि हुन थाल्यो। फ्रान्सले पनि जर्मनीसँग युद्धको खर्च सुनकै रूपमा लिन स्वीकार गऱ्यो। यस कारण अमेरिका र फ्रान्ससँग सुनको भण्डार भयो र अन्य देश खाली भए। यस कारण युरोपेली देशहरूमा सुनको भाउ बढ्यो र सुनको मुद्रामा कमी भयो।

**क्रयशक्तिमा ह्रास हुनु :** कृषिको आधुनिकीकरणले गर्दा अस्ट्रेलिया र अमेरिकामा अत्यधिक मात्रामा अन्नबाली हुन थाल्यो। धेरैजसो किसान र मजदूर बेरोजगारी भए। कारखानाको उत्पादनमा वृद्धि त भयो तर समान्य मानिसको क्रयशक्ति कमजोर भएको कारण उत्पादनको उचित मूल्य हासिल हुन सकेन।

**आर्थिक राष्ट्रियता :** साम्राज्य विस्तारको एउटा कारण आर्थिक राष्ट्रियता पनि हुन्छ। यस भावनाबाट प्रेरित देशहरू आफ्नो मात्र हित रुचाउँछन्। आफूले उत्पादन गरेको सामानको खपतमा कमी उनीहरूलाई स्वीकार हुँदैन। युद्धभन्दा पहिले एक देशको उत्पाद अर्को देशमा स्वतन्त्रतापूर्वक जान्थ्यो। इङ्ग्ल्यान्डजस्ता साम्राज्यवादी देश पनि स्वतन्त्र व्यापार नीतिमा विश्वास गर्थे। यस नीतिले गर्दा व्यापारको स्वरूप अन्तर्राष्ट्रिय बनेको थियो। तर युद्धपछि युरोपका अधिकांश देशहरूले स्वतन्त्र व्यापार नीति त्यागेर व्यापार बढाउन 'संरक्षित नीति' अवलम्बन गर्न थाले। इङ्ग्ल्यान्डले आफ्नो उपनिवेशमा इतर देशबाट आउने सामानमाथि प्रतिबन्ध लगायो। साथै उपनिवेश देशहरूलाई त्यहाँ भएको कच्चा माल इङ्ग्ल्यान्ड पठाउन विवश बनायो। यस नीतिले गर्दा गुलाम देशहरूको आर्थिक स्थिति झन् दयनीय भयो र शक्तिशाली देशहरूको आर्थिक स्थिति बलियो हुन थाल्यो।

**आर्थिक सङ्कटको तात्कालिक कारण :** सन् १९२९ मा न्युयोर्कको शेयर बाजारमा उत्पन्न आर्थिक सङ्कट यसको तात्कालिक कारण बन्यो। यस घटनाभन्दा पहिले अमेरिकाका धनी व्यापारी जर्मनी र युरोपीय देशहरूमा पर्याप्त धन व्यय गरिरहेका थिए। यसबाट जर्मनीमा जुन उद्योग स्थापित भयो त्यसबाट जर्मनीलाई क्षतिपूर्तिको राशि भुक्तान गर्न सजिलो भयो। यसैगरी अन्य देशहरू पनि बिस्तारै अमेरिकाबाट लिएको ऋणको भुक्तान गरिरहेका थिए। यसरी अमेरिकाको पूँजी युरोपलाई समृद्ध बनाएर अमेरिकामैं फर्किरहेको थियो तर सन् १९२९ को आर्थिक सङ्कटको फलस्वरूप अमेरिकाका पूँजीपतिहरूले युरोपेली देशहरूमा धन व्यय गर्न बन्द गरिदिए। परिणामस्वरूप यसबाट युरोपका देशहरूको समृद्धिको बाटो मात्र अवरूद्ध भएन, वरन् अमेरिकाले लगानी गरेको ऋणको भुक्तानको बाटो पनि अवरूद्ध भयो। जसले गर्दा सम्पूर्ण युरोपमा आर्थिक सङ्कट प्रारम्भ भयो।

हालका दिनहरूमा रूस–युक्रेन युद्धका कारण अन्य देशहरूमा पनि यस्तै आर्थिक सङ्कट देखा पर्न थालेको छ। यसबाहेक हाम्रोजस्तो भूपरिवेष्ठित देशमा पनि विभिन्न राजनीतिक दलबीच चलिरहेको आन्तरिक द्वन्द्व, दूरदर्शिता अभाव, अन्य देशहरूबाट लिएको ऋणको भार बढ्दै गएको, रेनिटान्समा कोरोनाले गर्दा कमी आएको, निर्यातभन्दा आयात बढी हुने गरेको र कुनै पनि सरकारले भ्रष्टाचारमाथि नियन्त्रण गर्न नसकेकोले विदेशी मुद्राको अभावका कारण आर्थिक सङ्कट बढ्ने सम्भावना एकातिर छ भने खर्चिलो निर्वाचन पद्धतिले गर्दा पनि श्रीलङ्काजस्तै आर्थिक सङ्कट उत्पन्न हुने सम्भावना बढेर गएको छ। यसप्रति समयमैं सबै दललगायत नागरिक समाज सचेत हुन आवश्यक छ।

# इन्धनका लागि 'गुइँठा'

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी, गुइँठा पकाइएको खानाको मौलिक स्वाद हुने र स्वस्थकर पनि हुने बताउँछन्।

महोत्तरी, ४ वैशाख/रासस

जिल्लाका ग्रामीण भेगमा गृहिणी इन्धनका लागि 'गुइँठा' (गाईभैंसीको गोबर पथारेर बनाइने दाउरा) को जोहोमा छन्। गाईवस्तु पाल्नेले आफ्नै गोठको र नपाल्नेले चरनका चौरमा गोबर खोज्न निस्कनु यहाँका गृहिणीको दैनिकी नै हो। गोबर पथारेर फरक–फरक आकारका इन्धन प्रयोजनका 'गुइँठा', 'चिपरी' र 'गोरहा' बनाइन्छ।

प्राय:जसो जिल्लाका सबैजसो स्थानीय तहका ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिन्छन्। आफ्ना वस्तुभाउ नहुने गृहिणी यसरी गोबरको खोजमा सडक, चौरमा छिटी बोकेर निस्कन्छन्। जिल्लाका १५ स्थानीय तहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगका गृहिणीको 'गुइँठा' बनाउने, सुकाउने र चाङ लगाएर राख्ने काम देखिन्छ।

"के गर्नु पकाएर खानु परिहाल्छ", धमाधम गोबरको चिपरी पथार्न व्यस्त देखिएकी बर्दिवास नगरपालिका–९ पशुपतिनगरकी गृहिणी शैलदेवी महतो भन्छिन्–"अहिले अन्य खेती कामको व्यस्तता नभएका बेला बर्खाभरिलाई चाहिने 'चिपरी' पथार्दै छु।"



तस्वीर: रासस

र गोरहामा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आम विश्वास छ। योभन्दा पनि इन्धनका लागि अन्य साधनको जोहो गर्न आर्थिक अवस्थाले नसक्नेहरूका लागि त गोबरको जोहो र गुइँठा पथार्ने काम अनिवार्य नै हुन्छ। त्यसो त स्वास्थ्यकर्मी 'गुइँठा' मा पकाइएको खाना स्वस्थकर हुने बताउँछन्। जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका वरिष्ठ स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झा गोबरका 'चिपरी' वा 'गुइँठा'मा

यहाँका महिला अहिले धेरैजसो कृषि कार्यबाट अलि फुर्सदिलो समय हुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी', 'गुइँठा' र 'गोरहा' पथार्ने (गोबरको 'गुइँठा', 'चिपरी' र 'गोरहा' बनाउने कामलाई 'पाथ्ने' वा 'पथार्ने' भनिन्छ) गरेको बताउँछन्। घरमा पशुवस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर कुरी (थुप्रो) लगाउने र नहुनेले सडक र चरन क्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरी मात्र नभएर मध्यपूर्वी तराईकै आम चलन रहेको छ।

यसरी दुई–तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई–तीन दिन लगाएर 'गुइँठा', 'चिपरी' र 'गोरहा' पाथ्ने गरिन्छ। सामान्यतया गोबरलाई चाक्लो पारेर घरका भित्ता–भित्तामा पथारिनेलाई 'चिपरी', भित्रपट्टि मसिना झिक्रा हालेर लामो डोलो बनाइने साना आकारका लाई 'गुइँठा' र भित्रपट्टि पराल हालेर पथारिने ठूला आकारका लाई 'गोरहा' भनिन्छ। यद्यपि सगोलमा भन्दा यसलाई 'गुइँठा' नै भनिन्छ। यसरी बनाइएका 'गुइँठा' घाम राम्रो लाग्ने ठाउँमा चाङ लगाएर राखिन्छ। यस्तो चाङ एक महीनाजति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा चाङ लगाएर राखेपछि आवश्यकतानुसार खाना पकाउन प्रयोग गरिन्छ। खासगरी वन क्षेत्र टाढा भएका र घरको अर्थावस्थाले ग्याँस किन्ने र प्रयोग गर्ने आर्थिक हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाइन्छ।

मध्यपूर्वी तराई क्षेत्रमा घरपालुवा पशुवस्तु (गाई, गोरू, भैंसी र राँगा) को गोबर इन्धनमा खर्च हुने भएपछि जग्गा–जमीनमा उत्पादन कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन्। "खेतवारीमा हाल्नुपर्ने कम्पोस्ट

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# कार्टूनिस्टको 'निशाना'मा भ्रष्टाचार प्रवृत्ति

काठमाडौं, ४ वैशाख/रासस

"मेरो सम्पत्ति जम्माजम्मी ५-१० किलो सुन, ८-१० रोपनीमा घर, बैंकमा ५०-६० करोड हुनेवाला छ।" मन्त्रीको सम्पत्ति सार्वजनिकीकरण समारोहमा एक मन्त्रीले सम्पत्ति विवरण सुनाउँदै भने। एउटा कार्टूनभित्रको दृश्यचित्रले औंल्याएको काल्पनिक मन्त्रीको काल्पनिक भाषण साँच्ची वास्तविकताको नजीक देखिन्छ। उक्त दृश्यलाई कार्टूनिस्ट राजेश केसीले उतारेका हुन्। उनका ती चित्रले हजार शब्दले बोल्न नसकेको कुरा स्पष्ट पारेका छन्। कार्टून सरकारका मन्त्रीहरूको व्यवहारबारे दर्शक पाठकको मन उद्वेलित गराउने खालको छ।



तस्वीरः रासस

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै सभामुख अग्निप्रसाद सापकोटा। तस्वीरः रासस

अर्का चर्चित कार्टूनिस्ट वात्सायनले पनि भ्रष्टाचारप्रति दरिलो झापड हान्ने गरी कार्टुन बनाएका छन्। समसामयिक विकृति विसङ्गतिलाई जीवन्त बनाउने उनले यसपटक दुई महिलाको संवादलाई जोडेर भ्रष्टाचारविरुद्ध अभियानमा कार्टूनमार्फत ऐक्यबद्धता जनाएका छन्।

आकर्षक महल देखेर एक महिला सोध्छिन्-"कसरी जोड्नुभयो यति धेरै सम्पत्ति ?" पतिले अफिस र जनताको सेवा गरेर उपहार पाएको"-अर्की महिलाबाट सहज जवाफ आउँछ। छोटो संवाद छ तर यसले समाजलाई ठूलो सन्देश प्रवाह गर्न सफल भएको छ।

यी दुई कार्टून समाजका विकृतिको प्रतिविम्ब हुन्। केही कर्मचारी र मन्त्रीले छोटो समयमा अस्वाभाविक सम्पत्ति जोडेको बेलाबेलामा समाचारहरू सार्वजनिक हुने गरेको पाइन्छ।

विनास्रोत र विनाश्रम रातारात धनी बन्ने प्रवृत्तिविरुद्ध तीखो प्रहार वात्सायन र राजेश केसीका कार्टूनले मात्रै गरेका छैनन्। आजदेखि काठमाडौंको नेपाल कला परिषद्मा प्रदर्शन गरिएका अन्य ४८ कार्टून पनि भ्रष्टाचार, विकृति, विसङ्गतिविरुद्ध उभिएका देखिए।

कलाकारले भ्रष्टाचारविरुद्ध अभियानस्वरूप 'निशाना' शीर्षकमा शुरू गरेको कार्टून प्रदर्शनीमा कार्टुनिस्ट विश्व थापाले खुल्लमखुला घूस मागेको सन्दर्भदेखि वासु क्षितिजले अनुदानको रकम कसरी दुरुपयोग भइरहेको र कुर्सीको लडाइँ कस्तो छ भन्ने कुरा कार्टूनमार्फत छर्लङ्ग पारेका छन्।

कार्टूनिस्ट सुदर्शन सिग्देलले विद्यालय खाजा कार्यक्रमलाई प्रहार गर्दै कार्टून बनाएका छन्। विद्यार्थीका लागि आएको विद्यालय खाजा कार्यक्रमले विद्यार्थी दुब्लाइरहेका तर अन्य व्यक्ति मोटाइरहेका उनको चित्र यथार्थ चित्रण गर्न सफल देखियो। सिग्देल भन्छन्- "खाजा कार्यक्रममा जे भइरहेको छ, त्यही दृश्य उतार्ने प्रयास गरेको छु।"

अर्का कार्टूनिस्ट देवेन्द्र थुम्केली एकजना विद्यार्थीलाई विम्ब बनाएर विद्यार्थीमाथि थोपरिएको भार चित्रण गर्न सफल भएका छन्। ट्युशन फी, अतिरिक्त फी, विलम्ब फी, मासिक र परीक्षा फी तिर्दातिर्दा विद्यार्थी आजित भएको कुरा उनले देखाएका छन्। जबकि शिक्षा र स्वास्थ्य राज्यको दायित्वभित्र पर्ने कुरा हो तर यहाँ विद्यार्थीमाथि कसरी आर्थिक प्रहार भइरहेको छ भन्ने कुरा उक्त कार्टूनले स्पष्ट पार्छ।

प्रदर्शनीमा कलाकारले कार्टूनमार्फत राजनीतिक दल, सरकारी गतिविधि, न्यायालय, विकास निर्माण, शिक्षा, स्वास्थ्य, रोजगारको क्षेत्रमा भएका विकृतिलाई कार्टूनमार्फत देखाउने प्रयास गरेका छन्।

"हरेक कार्टून लिड स्टोरी हो, कार्टुनले दिने सन्देश अझै तीखो हुनु जरूरी छ"- नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँले भन्छन्-"सांसद, जनप्रतिनिधिका निकायका कार्टून बनाउनुपर्ने अवस्था किन आइरहेको छ, हेर्नु जरूरी छ।"

विकृति-विसङ्गतिविरुद्ध रङ, रेखा र शब्दमार्फत उनीहरूले भ्रष्टाचारविरूद्ध लाग्न समुदायलाई नै आह्वान गरेका छन्। चित्रकार देवेन्द्र थुम्केली कार्टूनिस्ट जहिले पनि प्रतिपक्ष हुने र विकृति र विसङ्गति उत्खनन गर्नु उनीहरूको दायित्व भएकोले एउटा प्रयास गरिएको बताउँछन्।

कार्टूनिस्ट क्लब अफ नेपालका अध्यक्ष वासु क्षितिज भन्छन्-"पत्रिकाको पानामा कार्टून बनाइरहेका छौं, तर विकृति विसङ्गतिको नेटवर्क यति ठूलो भइसकेको छ कि पत्रिकाका पानामा राखेर मात्रै सम्भव भएन, त्यसैले सातै प्रदेशमा भ्रष्टाचारविरुद्ध कार्टून प्रदर्शन गरेर सचेतना फैलाउन पहिलो अभियान थालेका हौं।" उनले हेरेर मात्रै सीमित नगरी सामाजिक सञ्जालमार्फत पनि कार्टूनहरू सार्वजनिक गर्न अनुरोध गरे।

पत्रकार महासङ्घका अर्का पूर्वअध्यक्ष विष्णु निष्ठुरीले प्रणाली धेरै बदलिए पनि पद्धति बदल्न सकिएन भन्ने उदाहरण कार्टूनले देखाएको बताए। उनले राज्य-प्रणाली कमजोर भयो भने नागरिकको अवस्था झन् कमजोर हुने उल्लेख गर्दै नागरिकलाई जागरूक बनाउन बलियो सन्देश कार्टूनले बोकेको छ भने। नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेल कार्टून भ्रष्टाचारविरुद्ध सशक्त रहेको र खबरदारी आवश्यक भएको बताउँछन्।

कार्टून प्रदर्शनीको सभामुख अग्निप्रसाद सापकोटाले उद्घाटन गरेका थिए। उनले भने-"कार्टून भनेको कलम होइन, मुटुले बनाउने कुरा हो, जसको सिर्जनामा साँच्चीको समाजको चित्रण हुन्छ"-सापकोटाले भने-"अभियानमा समर्थन जनाउँदै ऐक्यबद्धता प्रकट गर्दछु।"

# नयाँ वर्षको पहिलो कारोबार
# ओरालो यात्रामा नेप्से परिसूचक

काठमाडौं, ४ वैशाख/रासस

धितोपत्र बजारमा आज शेयर कारोबार मापक नेप्से परिसूचक झन्डै ३० अङ्कले ओरालो लागेको छ। नयाँ वर्षको पहिलो कारोबार सकारात्मक हुने अनुमानविपरीत आज नेप्से परिसूचकमा गिरावट देखिएको हो।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २९.६० अङ्कले ओरालो लागेर दुई हजार ३८५.६४ मा ओर्लिएको हो। यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ५.१२ अङ्कले ओरालो लागेर ४५०.९७ मा ओर्लेको छ।

नेप्से परिसूचकको ओरालो यात्रासँगै कारोबार रकमसमेत घटेको छ। कुल



तस्वीरः फाइल

२३३ कम्पनीको ३४ लाख सात हजार २७२ कित्ता शेयर रु एक अर्ब ४४ करोड सात लाख २३ हजार १८२ मूल्यमा खरीद बिक्री भयो। आजको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब ८४ अर्ब १२ करोड २८ लाख ६० हजारको हाराहारीमा सीमित भएको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर ओरालो लागेको छ। बैंकिङ ८.८९, व्यापार ६.३९, होटल तथा पर्यटन ६३.२४, विकास बैंक ६६, जलविद्युत् ४२.८८, निर्जीवन बीमा १२०.६५, उत्पादन ८८.८, अन्य ३४.०१, लघुवित्त ४४.७४, जीवन बीमा २००.८७, सामूहिक लगानी कोष ०.०४ र लगानी १.५ अङ्कले ओरालो लाग्यो।

कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु चार करोड ९९ लाख ४७ हजार ३८१ बराबरको कारोबार भयो। यस्तै अरुण भ्याली हाइड्रोपावर रु चार करोड ८६ लाख २५ हजार ३०४, ग्लोबल आइएमई बैंकको ऋणपत्र रु चार करोड २५ लाख ३५ हजार, हिमालयन डिस्टिलरी रु चार करोड एक लाख ३९ हजार ७९४ र नबिल बैंक रु तीन करोड ४९ लाख १७ हजार २७५ बराबर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार नेस्डो समृद्धि लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लाग्यो। जाल्पा सामुदायिक लघुवित्त ४.०३, सामुदायिक लघुवित्त ३.९८, उन्नति सहकार्य लघुवित्त ३.३३ र एनआइसी एशिया ब्यालेन्स फन्डका लगानीकर्ताले १.९९ प्रतिशतले कमाए। नेप्सेका अनुसार आज २४ कम्पनीको शेयर मूल्य मात्रै उकालो लागेको थियो।

हिमालयन ऊर्जा विकास कम्पनीको शेयर मूल्य १० प्रतिशतले घट्दा नकारात्मक सर्किट लाग्यो। इमर्जिङ नेपाल ७.५८, राष्ट्र उत्थान लघुवित्त ६.०७, समालिङ पावर कम्पनी ५.६९ र नयाँ सारथी लघुवित्तका लगानीकर्ताले ५.४१ प्रतिशतले गुमाए।

# दुर्घटनामा एकै गाउँका पाँचजनाको मृत्यु

वालिङ, ४ वैशाख/रासस

स्याङ्जाको वालिङ-१२ डाँडाखर्क फिरफिरेमा आइतवार जीप दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको छ।

वालिङ नगरपालिका-१२ डाँडाखर्कबाट बायटारी आउँदै गरेको ग.१ज ७३९९ नम्बरको जीप आज फिरफिरेमा दुर्घटना भएको हो।

जीप दुर्घटनामा परी वालिङ-१२ डाँडाखर्क बस्ने ६५ वर्षीय वीरबहादुर डाला, सोही ठाउँकी ४५ वर्षीया हीरा डाला, २५ वर्षीया शर्मिला सारू, शर्मिला सारूका छ महीनाका छोरा र वालिङ-१४ बस्ने ६१ वर्षीय कुलकुमारी कनौजेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता पदमराज थापाले जानकारी दिए।

जीपमा सवार रहेका ११ जनामध्ये अन्य छजना घाइते भएका छन्। घाइते हुनेमा वालिङ-१२ डाँडाखर्कका ५० वर्षीय अङ्गबहादुर डाला, सोही ठाउँकी ५५ वर्षीया मायाकुमारी सारू, ३५ वर्षीया योगेन्द्र थापा, १८ वर्षीया नवीना सारू, १९ वर्षीया लक्ष्मी डाला र जीप चालक ६० वर्षीय दलबहादुर थापा रहेका छन्।




घाइतेको वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा उपचारपछि थप उपचारका लागि पोखरास्थित गण्डकी मेडिकल कलेज पठाइएको छ। जीप सडकबाट झन्डै २०० मिटर तल खसेको हो। मृत्यु भएका र घाइते भएका सबै एउटै गाउँका भएकाले अहिले गाउँ शोकमा डुबेको छ।




धनुषाको मिथिला नगरपालिकाको मुख्यबजार केन्द्र ढल्केबरका तरबुजा व्यापारीहरूलाई भ्याइनभ्याइ। पूर्व-पश्चिम राजमार्गमा हुइँकिने अधिकांश बस तथा निजी गाडीसमेत ढल्केबरमा रोकिन्छ र यात्रुहरूले तरबुजा किनेर लाने गर्दछन्। यहाँ दैनिक रु दस लाख भन्दा बढीको कारोबार हुने व्यापारीहरू बताउँछन्। तस्वीरः रासस

# सुनचाँदी आपूर्तिको वैकल्पिक व्यवस्था मिलाउन आग्रह

काठमाडौं, ४ वैशाख/रासस

सुनचाँदीको आपूर्ति ठप्प भएपछि वैकल्पिक व्यवस्था मिलाउन सुनचाँदी क्षेत्रका तीन महासङ्घले सरकारसँग सामूहिक आग्रह गरेका छन्। नेपाल सुनचाँदी व्यवसायी महासङ्घको संयोजनमा आज बसेको संयुक्त बैठकले आपूर्तिको वैकल्पिक व्यवस्था अवलम्बन गर्न सरकारलाई अनुरोध गरेको हो।


तस्वीरः फाइल

अत्यावश्यक वस्तुबाहेक अन्यको एलसी नखोल्ने बैंकहरूको गत साताको निर्णयसँगै बजारमा सुनचाँदीको आपूर्ति ठप्प भएको छ। त्यसबाट यस क्षेत्रमा आबद्ध २० हजारभन्दा बढी व्यवसायी हजारौं कालिगडको रोजीरोटी सङ्कटमा परेको उनीहरूको भनाइ छ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष माणिकरत्न शाक्यले विदेशी मुद्राको सञ्चिति घटेको हालको अवस्थामा बैंकहरूबाट ल्याइने सुनको आपूर्ति रोकिए पनि बजारलाई नियमित राख्न वैकल्पिक व्यवस्था अवलम्बन गर्नुपर्ने बताए।

विदेशी मुद्रा सञ्चितिमा प्रभाव नपर्नेगरी आन्तरिक स्रोत र अन्य उपाय अवलम्बन गरी अहिलेको गर्जो टार्न सकिने उनको भनाइ छ।

नेपाल सुनचाँदी रत्न तथा आभूषण व्यवसायी महासङ्घका अध्यक्ष सुरेशमान श्रेष्ठले पनि सरकार, सुनचाँदी व्यवसायी र आम उपभोक्ता सबैलाई सहज हुनेगरी आपूर्तिको विकल्प खोज्नुपर्ने कुरामा जोड दिए।

यस्तै नेपाल हस्तकला व्यवसायी महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले कच्चा पदार्थको आपूर्ति रोकिंदा चौतर्फी समस्या आएको भन्दै त्यसको निराकरणका लागि तीनैवटा संस्था संयुक्तरूपमा लाग्नुपर्ने खाँचो औंल्याए।

सुनचाँदी क्षेत्रमा काम गर्दै आएको तीनैवटा छाता संस्थाका तर्फबाट एउटा साझा संयन्त्र बनाएर समस्या समाधानका लागि अगाडि बढ्ने सहमति भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइलीले जानकारी दिए।

# घरजग्गा कारोबारलाई छोएन तरलताको अभावले: रु ७१ अर्ब राजस्व सङ्कलन


तस्वीर: सौजन्य

काठमाडौं, ४ वैशाख ⁄ रासस

बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव कायमै छ । कोरोना कहरका कारण सङ्कटमा परेको आर्थिक गतिविधि क्रमशः सुधारको दिशामा गइरहेको छ।

आम मानिसले सामान्य छलफलमा भन्ने गर्छन्– पैसाको अभाव हुन थाल्यो। सरकारको विकास खर्च पनि उल्लेख्य बढ्न सकेको छैन। बरु आयातको मात्रा भने बढ्यो । त्यसले वैदेशिक मुद्रामा चाप परेको छ।

सरकारले समस्याको समाधान एकमुस्ट गर्न लागिपरेको बताएको छ। अर्थमन्त्री जनार्दन शर्माले देशभित्र देखिएको आर्थिक सङ्कट निरुपणका लागि अर्थ मन्त्रालयले सरोकार भएका निकायसँग निरन्तर संवादमा रहेको बताएका छन् । यी र यस्ता अवस्था मुलुकभित्र देखिएको भए पनि घरजग्गा कारोबारमा तरलता अभावले कुनै पनि समस्या नपारेको जस्तो देखिन्छ। विसं २०७८ मा मात्रै देशभर रु ७१ अर्ब ५७ करोड ३१ लाख चार हजार ३१५ बराबरको राजस्व सङ्कलन भएको देखिन्छ।

सरकारी विवरणबाट प्राप्त यो तथ्याङ्कभन्दा घरजग्गाको कारोबार धेरै बढी रहेको सरोकारवालाहरूको भनाइ छ । घरजग्गा कारोबार सरकारी मूल्याङ्कनका आधारमा मात्रै हुने गरेको छ । तर व्यावसायिक कारोबार भने सरकारी मूल्याङ्कनभन्दा धेरै बढी हुने गरेको नेपाल राष्ट्र बैंकले केही समय पहिले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा उल्लेख थियो ।

विशेषगरी, शहरी तथा शहरोन्मुख क्षेत्रमा घरायसी प्रयोजनका लागि बढी घरजग्गा कारोबार हुने गरेको छ । काठमाडौं उपत्यकामा सहजरूपमा राम्रो जग्गा पाउनै मुश्किल हुन थालेको छ। पछिल्ला दिनमा इटहरी, मकवानपुरको हेटौंडा, नवलपरासी, कपिलवस्तु, दाङ, बाँके, कैलालीलगायत जिल्लामा व्यापकरूपमा बस्ती विस्तार भएको छ।

शहरोन्मुख क्षेत्रमा समेत तीव्र शहरीकरण भएको छ। खेतीयोग्य जमीन क्रमशः खण्डीकृत हुँदै गएको छ । विप्रेषणबाट प्राप्त रकम अनुत्पादक क्षेत्र मानिने घरजग्गामा खर्च भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार २०७८ भर कुल १६ लाख २५ हजार ८५८ पटक घरजग्गा कारोबार भएको छ । कारोबारबाट कुल रु १७ अर्ब १८ करोड चार लाख ६८ हजार ८५२ बराबर पूँजीगत लाभकर सङ्कलन भएको देखिन्छ।

विसं २०७७ मा मासिक औसतमा रु १० अर्ब बराबर राजस्व सङ्कलन हुने गरेको विवरण रहे पनि २०७८ सालमा केही घटेको देखिन्छ। तर बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव रहेको भनिएको बेला झन्डै रु ७२ अर्ब बराबरको राजस्व सङ्कलन हुनु आफैंमा विचारणीय बनेको छ। विभागका प्रवक्ता कृष्णप्रसाद भण्डारीले यो विवरण अघिल्लो वर्षको तुलनामा कम देखिए पनि थप विवरण अर्का सहसचिव रामकुमार श्रेष्ठसँग बुझ्न आग्रह गरे । विभागका अनुसार गत भदौमा सबैभन्दा बढी कारोबार भएको वार्षिक विवरणमा देखिन्छ। सो महीना रु आठ अर्ब २६ करोड ८५ लाख ३२ हजार २१८ बराबरको राजस्व सङ्कलन भएको देखिन्छ। गत साउनमा आर्थिक वर्ष शुरू हुँदा रु आठ अर्ब १३ करोड ४१ लाख ६१ हजार ६९० बराबर राजस्व सङ्कलन भएको थियो ।

वार्षिकरूपमा हेर्दा २०७८ वैशाखदेखि गत चैतसम्म आइपुग्दा एकाध महीना मात्रै कोरोनाका कारण राजस्व सङ्कलन प्रभावित भयो भने अन्य महीना औसत रु छ अर्ब बराबर राजस्व सङ्कलन भएको विभागको तथ्याङ्क छ। विभागका अनुसार गत चैतमा रु पाँच अर्ब ७५ करोड ७४ लाख ८८ हजार बराबर राजस्व सङ्कलन भएको थियो । सो महीनामात्रै रु एक अर्ब ३० करोड बराबर पूँजीगत लाभकर सङ्कलन भएको देखिन्छ । त्यस महीना ७० हजार ८३० पटक घरजग्गा कारोबार भएको छ।

गत फागुनमा रु छ अर्ब २६ करोड १६ लाख १० हजार १०५ बराबर राजस्व सङ्कलन भएको थियो। त्यसमध्ये रु एक अर्ब ४४ करोड ४६ लाख तीन हजार बराबर पूँजीगत लाभकर प्राप्त भएको थियो। उक्त महीना कुल एक लाख ६२ हजार ६७८ पटक घरजग्गा कारोबार भएको देखिन्छ । त्यस्तै गत माघमा रु पाँच अर्ब ५० करोड १८ लाख ५० हजार ४३४ बराबर राजस्व सङ्कलन भएको थियो । त्यसमा रु एक अर्ब २६ करोड ५८ लाख ४४ हजार १३४ बराबर पूँजीगत लाभकर प्राप्त भएको थियो। उक्त महीना एक हजार ३२ हजार ५३ पटक घरजग्गा कारोबार भएको देखिन्छ ।

विभागका अनुसार गत पुसमा रु छ अर्ब ७० करोड ४२ लाख ५० हजार ६८९, मङ्सिरमा रु सात अर्ब छ करोड ६५ लाख ६० हजार ७५२, कात्तिकमा रु पाँच अर्ब ४९ करोड ५१ लाख ८३ हजार १८, असोजमा रु सात अर्ब ३३ करोड २१ लाख १५ हजार ४९६ बराबर राजस्व सङ्कलन भएको देखिन्छ । यस्तै गत असारमा रु छ अर्ब ७२ करोड ७४ लाख ४८ हजार ९६० राजस्व सङ्कलन भएको थियो । कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमका कारण जेठमा भने कम मात्र राजस्व सङ्कलन भएको देखिन्छ । सो महीना रु दुई करोड ७३ लाख ४३ हजार ६५८ र वैशाखमा रु चार अर्ब २९ करोड ६५ लाख २३ हजार २८५ बराबर राजस्व सङ्कलन भएको विभागको तथ्याङ्कमा देखिन्छ।

**६८ अर्ब घर कर्जा प्रवाह**

बैंक, वित्तीय संस्थामा तरलताको अभाव रहेको भन्दै कर्जा प्रवाह नै बन्द गरेको भए पनि चालू आवको पहिलो आठ महीनामा मात्र रु ६८ अर्ब १० करोड ६७ लाख बराबरको रकम घर कर्जामा गएको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने मासिक विवरणका आधारमा व्यक्तिगत आवास कर्जा, रियलस्टेट कर्जामा ठूलो रकम प्रवाह भएको छ। केन्द्रीय बैंकका अनुसार रु एक करोड ५० लाखसम्मको व्यक्तिगत आवासीय कर्जामा मात्र रु ३९ अर्ब चार करोड ५१ लाख र रियलस्टेट कर्जामा रु २९ अर्ब छ करोड १६ लाख बराबर रकम लगानी भएको छ । यो गत वर्षको तुलनामा १३.१ प्रतिशत बढी हो। गत वर्ष व्यक्तिगत आवास कर्जामा रु २१ अर्ब ३३ करोड २१ लाख मात्रै उपलब्ध गराइएको थियो ।

यस्तै रियल स्टेटतर्फ गत वर्ष रु आठ अर्ब ८६ करोड ५१ लाख बराबर प्रवाह भएको थियो । केन्द्रीय बैंकका अनुसार चालू आवको फागुन मसान्तसम्म आइपुग्दा बैंक तथा वित्तीय संस्थाले कुल व्यक्तिगत आवास कर्जा रु तीन खर्ब ३७ अर्ब ३० करोड ५७ लाख र रियल स्टेटतर्फ रु दुई खर्ब १२ अर्ब ६७ करोड बराबर लगानी गरेका छन् । यस आधारमा हेर्दा घर जग्गामा मात्रै बैंक तथा वित्तीय संस्थाले रु पाँच खर्ब ४९ अर्ब ९८ करोड ४२ लाख बराबर ऋण लगानी गरेको देखिन्छ ।

घर जग्गामा लगानी हुने रकमलाई अनुत्पादक भनिए पनि लगानीको मात्रा भने बढ्दै गएको देखिन्छ। विप्रेषण, बैंक तथा वित्तीय संस्थामा सङ्कलन हुने निक्षेपसमेत घरजग्गामा लगानी हुँदा औद्योगिक लगानी विस्तार हुन सकेको छैन । औद्योगिक क्षेत्रमा लगानी नहुँदा आर्थिक वृद्धिसमेत विस्तार हुन सकेको छैन। यसतर्फ सरोकार भएका निकायले समयमैं सचेत भएर निर्णय गर्नुपर्ने आवश्यकता महसूस हुन थालेको छ।

तरलताको अभावले घरजग्गा कारोबारमा बिराम लाग्दा त्यसको प्रत्यक्ष प्रभाव बैंक तथा वित्तीय संस्थामा देखिने र त्यसले अर्थतन्त्रमा सङ्कट ल्याउनेतर्फ बेलैमा जागरूक हुनु जरूरी भइसकेको छ।



**घोडसवारी:** वीरगंजको घण्टाघरवरिपरि घोडसवारी बेलाबखत देख्न पाइन्छ । विभिन्न विवाह, पार्टी, सभा सम्मेलनमा घोडसवारी सडकमा दौडाएर भीड जम्मा गर्ने चलन रहेको छ । तस्वीर: पङ्कज श्रेष्ठ

## फरक समाचार

# के हो हिमोफिलिया ?

आज (१७ अप्रिल) विश्व हिमोफिलिया दिवस हो । हिमोफिलिया र अन्य वंशानुगत ब्लिडिङ डिसअर्डरबारे जागरूकता बढाउन प्रत्येक वर्ष १७ अप्रिलका दिन वर्ल्ड हिमोफिलिया डे मनाइने गरिन्छ । यो दिवस सन् १९८९ मा वर्ल्ड फेडरेशन अफ हिमोफिलियाले शुरू गरेको थियो। प्रत्येक वर्ष यस दिनको लागि एउटा नारा दिइने गरिन्छ र यसपटकको नारा 'एक्सेस फर अल' राखिएको छ। हिमोफिलिया के हो, यसको लक्षण, कारण यस प्रकार छः



**हिमोफिलिया के हो ?** हिमोफिलिया रक्तस्रावसँग सम्बन्धित एउटा डिसअर्डर हो, जुन गम्भीर वा हलुका चोट लागेपछि रगत बग्न थालेपछि चाँडै रोकिंदैन । यो एउटा गम्भीर स्थिति हो र यसमा बढी रगत बगेपछि व्यक्तिको ज्यान पनि जान सक्छ। यस रक्त सम्बन्धित विकारमा ब्लड क्लोटिङ हुँदैन ।

**हिमोफिलियाको प्रकार:** एउटा रिपोर्ट अनुसार हिमोफिलिया दुई प्रकारको हुन्छ, हिमोफिलिया ए र हिमोफिलिया बी । हिमोफिलिया एको सबैभन्दा बढी सामान्य प्रकार हुन्छ। यो क्लोटिङ फ्याक्टर ८ को कमीको कारण हुन्छ। त्यस्तै हिमोफिलिया बी बढी कमन हुँदैन । हिमोफिलियाबाट ग्रस्त लगभग २० प्रतिशत मान्छेमा हिमोफिलिया बी हुन्छ । हिमोफिलिया बीमा क्लोटिङ फ्याक्टर ९ को कमी हुन्छ ।

**हिमोफिलियाको वाहक:** हिमोफिलियाको वाहक त्यस्ता महिला हुन्छन्, जसमा हिमोफिलिया जीन वहन गर्ने असामान्य एक्स गुणसूत्र हुन्छ । उसको दुई एक्स गुणसूत्रमध्ये एउटामा कारक ८ वा कारक ९ जीनको उत्परिवर्तन हुन्छ, जसको परिणामस्वरूप क्रमशः क्लोटिङ फ्याक्टर ८ वा ९ को स्तरमा कमी आउँछ। अधिकांश वाहक महिलामा हिमोफिलिया हुँदा रक्तस्रावको कुनै लक्षण देखिंदैन तर कारक ८ वा कारक ९ गतिविधिको निम्न स्तर भएको केही मान्छेलाई सर्जरीको समय रक्तस्रावको समस्या भोग्नुपर्छ। अन्य लक्षण जस्तै महीनावारीमा बढी रक्तस्राव हुनु, शरीरमा नीलो धब्बा लाग्नेजस्ता हुन सक्छ ।

**हिमोफिलियाको लक्षण:** मायोक्लिनिक डट ओआरजीमा प्रकाशित रिपोर्ट अनुसार हिमोफिलियाको लक्षण क्लोटिङको स्तरको आधारमा भिन्दाभिन्दै हुन्छ। यदि तपाईंको क्लोटिङ फैक्टर स्तर हलुका कम छ, भने सर्जरी वा दुर्घटनापछि नै रक्तस्राव हुन सक्छ। यदि क्लोटिङ फैक्टर लेभल निकै बढी गम्भीररूपभन्दा कम छ भने तपाईंलाई विना कुनै कारण पनि रक्तस्राव हुन सक्छ। हिमोफिलियाको निम्न लक्षण देखिन्छः

कुनै चोट, सर्जरी वा दन्त चिकित्सापछि अत्यधिक रक्तस्राव हुनु, कैयौंपटक ठूलो वा गहिरो घाउ, खोप लगाएपछि असामान्य रक्तस्राव, जोर्नीमा दुःखाइ, सुजन वा जकडन हुनु, मूत्र वा मलबाट रगत आउनु, विना कुनै कारण नाकबाट रगत बग्नु, शिशुहरूमा चिडचिडापन हुन्छ ।

**हिमोफिलियाको कारण:** जब कुनै व्यक्तिको रगत बग्छ, तब शरीर साधारणतया रगतको थक्का बनाउन रक्त कोशिकालाई एकसाथ जम्मा गर्छ, जसले रक्तस्रावलाई रोक्न सकियोस्। क्लोटिङ फैक्टर्स ब्लडमा प्रोटिन हुन्छ, जुन थक्का बनाउनको लागि प्लेटलेट्स नामक कोशिकाहरूसँग काम गर्छ । कुनै व्यक्तिलाई हिमोफिलिया तब हुन्छ, जब क्लोटिङ फैक्टर गायब हुन्छ वा क्लोटिङ फैक्टरको स्तर कम हुन्छ । हिमोफिलिया साधारणतया अनुवांशिक रोग हो, अर्थात् जन्मजात । यससँगै मान्छे जन्मिन्छ । यस प्रकारको हिमोफिलियालाई क्लोटिङ फैक्टरको प्रकारद्वारा वर्गीकृत गरिन्छ । केही व्यक्तिमा हिमोफिलिया विना कुनै जन्मजात विकार वा फैमिली हिस्ट्रीको हुन्छ, यसलाई एक्वायर्ड हिमोफिलिया भनिन्छ ।

**चिकित्सकलाई कतिबेला देखाउने:** मस्तिष्कमा रक्तस्रावको लक्षण देखिएपछि, चोट लागेपछि जब रगत बग्न बन्द हुँदैन, सुन्निएको जोर्नीलाई छुँदा जब तातो महसूस हुन्छ र निहुरिंदा दुखाइ हुन्छ ।

# बाहिरबाट आउनेबित्तिकै चीसो पानी किन पिउनुहुँदैन

आजभोलि बढ्दो गर्मीको कारण धेरैजसोले घरमा आउनेबित्तिकै चीसो पानी पिउँछन् कसैले जिमबाट फर्केपछि चीसो पानी पिउँछन्, यस्तो बानीले रोग लाग्न सक्छ तथा हृदयघात वा वजन बढ्नेजस्तो समस्या हुन्छ । बाहिरबाट घर



आउँदा अथवा कुनै व्यायाम गरेर घर आउँदा शरीर तातो हुन्छ र त्यति बेला चीसो पानी सेवन गर्दा शरीरको तापमान अचानक खस्किन्छ जसले गर्दा व्यायामको प्रतिफल पाउन सकिंदैन । त्यसैगरी मुटुको ढुकढुकीमा पनि असर पर्छ। व्यायाम गर्दा वा बाहिरबाट हिंडेर आउँदा हाम्रो नसामा रक्तसञ्चार बढी हुन्छ। अचानक चीसो पानी पिउँदा रक्तसञ्चार तीव्र गतिले घट्छ ।

जसले गर्दा टाउको दुख्ने, साइनसको समस्या हुने हुन्छ । साथै हाम्रो पाचन प्रक्रियामा पनि यसले असर गर्छ । तीव्र घाममा बाहिरबाट घर आउँदा चीसो पानी सेवन गरेपछि पेट दुख्ने, टाउको दुख्ने, पाचन क्रियामा असर गर्न सक्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसद्वारा मारियुपोलको शहरी क्षेत्र पूर्ण नियन्त्रण रहेको दाबी



रूसी आक्रमणबाट तहसनहस भएको सैन्य उद्योग कम्प्लेक्स हेर्दै मानिसहरू । फोटो : एएफपी

मस्को, ४ वैशाख/एएनआई/सिन्ह्वा

पूर्वी युक्रेनको मारिउपोल शहरको सम्पूर्ण शहरी क्षेत्र युक्रेनी सशस्त्र बल र विदेशी भाडाका लडाकूहरूबाट पूर्णरूपमा खाली गरिएको रूसी सेनाले शनिवार उल्लेख गरेको छ ।

प्रतिरोधी सेनाका अवशेषहरू एजोभस्टल आइरन र स्टिल वर्क्स प्लान्टहरूमा अवरूद्ध गरिएको रूसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले बताएका छन् । उनले यो अवधिमा १ हजार ४ सय ६४ युक्रेनी सैनिकले आत्मसमर्पण गरेको समेत बताएका छन् ।

आजोभ सागरको प्रमुख बन्दरगाह शहरको रूपमा मारिउपोल रूस–युक्रेन द्वन्द्वको सबैभन्दा खराब हिंसाको साक्षी बनेको छ ।

यता युक्रेनी रक्षा मन्त्रालयले शुक्रवार उसको सेनाले शहरलाई घेराबन्दी गरेको झन्डै सात हप्तापछि पनि मारिउपोलमा रूसीहरूसँग लडिरहेको जनाएको छ ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले मारिउपोलमा रहेका युक्रेनी सेना हटाएमा रूससँग जारी कुनै पनि प्रकारको वार्ता अन्त्य गर्ने चेतावनी दिएका छन् ।

**रूसद्वारा कारखाना नष्ट गरेको दाबी**

मस्को/एएफपी

रूसको रक्षा मन्त्रालयले आइतवार युक्रेनी राजधानीमा मस्कोले आफ्नो आक्रमणलाई तीव्रता दिँदै कीभबाहिर एउटा सैन्य प्लान्टमा आक्रमण गरेको बताएको छ ।

"रातको समयमा, उच्च हावामा प्रक्षेपण गरिएका क्षेप्यास्त्रहरूले ब्रोभरी, कीभ क्षेत्रको बस्तीनजीकै एउटा गोलाबारुद कारखानालाई नष्ट गर्‍यो," मन्त्रालयले टेलिग्राममार्फत एक विज्ञप्तिमा उल्लेख गरेको छ । रासस

## बाढी र पहिरोमा परी ११० भन्दा बढी व्यक्तिको अवस्था अज्ञात

मनिला, ४ वैशाख/एएफपी

फिलिपिन्समा 'मेगी' नामक आँधीका कारण आएको बाढी र पहिरोका कारण ११० भन्दा बढी व्यक्ति हराइरहेका र यी व्यक्तिको अवस्था अज्ञात रहेको आइतवार प्राप्त समाचारमा जनाइएको छ ।

उनीहरूको खोजी भइरहेको पनि अधिकारीहरूले जनाएका छन् । ठूलो सङ्ख्यामा सुरक्षाकर्मी, उद्धारकर्ता, स्वयंसेवक र स्थानीय बासिन्दा परिचालन गरेर खोजी कार्य भइरहेपनि उनीहरू जीवित पाइने आशा कम रहेको जनाइएको छ ।

यद्यपि यस बाढी पहिरोको कारण आइतवारसम्म ज्यान गुमाउनेको सङ्ख्या १७० भन्दा बढी पुगेको छ । मेगी आँधीबाट सबैभन्दा बढी प्रभावित लेटेकोमध्य प्रान्तमा विनाशकारी पहिरोले खेती र माछा मार्ने समुदायका थुप्रै घर भत्केको



फिलिपिन्सको पिलार गाउँमा मेगीबाट भएको क्षतिको हवाई दृश्य । फोटो : एएफपी

छ । यस वर्ष फिलिपिन्समा आएको शक्तिशाली आँधीले केही दिनमा हजारौँलाई विस्थापित गरेको छ भने ठूलो जनधनको क्षति भएको छ ।

प्रकोपग्रस्त यस क्षेत्रलाई सन् २०१३ मा 'सुपर टाइफून हाइयान' ले प्रत्यक्ष प्रभावित पारेसँगै यहाँ हरेक वर्ष आँधीले तहसनहस पार्ने गरेको छ । जलवायु परिवर्तनको कारण विश्वव्यापी तापमान वृद्धि हुँदै गएपछि वैज्ञानिकहरूले यहाँ अझ शक्तिशाली आँधी आउने चेतावनी दिएका छन् । रासस

## दक्षिण कोरियामा ९३ हजार कोरोनाका नयाँ सङ्क्रमित




कोरोना प्रतिरोधका लागि मास्क पहिरेका कोरियन नागरिक । फोटोः एपी/पिटिआई

सोल, ४ वैशाख/सिन्ह्वा

दक्षिण कोरियामा २४ घण्टा अर्थात् शनिवार मध्यरातसम्म ९३ हजार नयाँ कोभिड–१९ सङ्क्रमित भेटिएका छन् । यसैसँगै कुल सङ्क्रमितको सङ्ख्या १ करोड ६३ लाख ५ हजार ७५२ पुगेको स्वास्थ्य अधिकारीहरूले आइतवार जनाएका छन् ।

दक्षिण कोरियामा अघिल्लो दिन एक लाख ७ हजार ९१६ जनामा कोरोना सङ्क्रमण भएको रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए) ले जानकारी दिएको थियो । यहाँ एक हप्ता अघि एकै दिन एक लाख ६४ हजार ४५६ जनामा कोरोना सङ्क्रमण भएको थियो । यहाँ कोरोना सङ्क्रमण घट्ने क्रममा रहेको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

गत २४ घण्टामा अर्थात् शनिवार मध्यरातिसम्म कोरोना सङ्क्रमणको कारण २०३ जनाको मृत्यु पुष्टि भएपछि कुल मृतकको सङ्ख्या २१ हजार ९२ पुगेको अधिकारीहरूले जानकारी दिएका छन् । यहाँ खोपको दुई डोज प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या चार करोड ४५ लाख २६ हजार ४७१ पुगेको जनाइएको छ । यो सङ्ख्या दक्षिण कोरियाको कुल जनसङ्ख्याको ८६.८ प्रतिशत भएको जनाइएको छ । रासस

**आजको राशिफल**

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – राज्यलाभ | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – ईश्वरभक्ति | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौं
पर्यटक विकासमा सहयोग पुऱ्याऔं
वीरगंज महानगरपालिका

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## दलको चुनाव चिह्न निर्धारण

काठमाडौं, ४ वैशाख/रासस

देशभरका ७५३ स्थानीय तहको यही वैशाख ३० गते हुने निर्वाचनका लागि चुनाव चिह्न निर्धारण गरी मतपत्रमा समावेश गरिएको छ । निर्वाचन आयोगका अनुसार विसं २०७४ को प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत सङ्ख्याका आधारमा छवटा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको निर्वाचन चिह्न निर्धारण गरिएको छ ।




तस्वीरः फाइल

उक्त निर्वाचनमा नेकपा (एमाले)लाई ३१ लाख ७३ हजार ४९४, नेपाली काङ्ग्रेसलाई ३१ लाख २८ हजार ३८९, नेकपा (माओवादी केन्द्र) लाई १३ लाख तीन हजार ७२१ र जनता समाजवादी पार्टी नेपाललाई नौ लाख ४२ हजार ४५५ मत प्राप्त भएको थियो । विसं २०७४ को प्रतिनिधिसभा समानुपातिक निर्वाचन प्रणालीमा भाग लिएका र स्थानीय तहको निर्वाचनमा भाग लिन आयोगमा दर्ता भई राष्ट्रिय दलको मान्यता प्राप्त नगरे पनि जिल्लामा क्रियाशील सम्बन्धित दललाई आयोगबाट यस अघि प्रदान गरिएको निर्वाचन चिह्न नै प्रदान गरिने भएको छ ।

त्यस्ता राजनीतिक दलका निर्वाचन चिह्न स्थानीय तहको निर्वाचनका लागि तत्तत् जिल्लाका मतपत्रमा समावेश गर्ने आयोगबाट निर्णय भएको प्रवक्ता शालिग्राम शर्माले बताए ।

राष्ट्रिय मान्यता प्राप्त नगरेका तथा विसं २०७४ को निर्वाचनमा भाग नलिए पनि जिल्लाको राजनीतिक संरचनामा रही क्रियाशील रहेका राजनीतिक दललाई पनि आयोगको गत चैत १३ को निर्णय अनुसार स्थानीय तह निर्वाचनमा तत्तत् जिल्लाको मतपत्रमा सम्बन्धित दलको निर्वाचन चिह्न समावेश गर्ने निर्णय भएको छ ।

प्रमाणित जिल्लागत विवरण समावेश नगरिएका तर स्थानीय तह निर्वाचनका लागि दर्ता भएका राजनीतिक दलको तर्फबाट खडा हुने उम्मेदवार एवं स्वतन्त्र उम्मेदवारलाई आयोगले निर्धारण गरेको स्वतन्त्र चिह्नको समूहबाट निर्वाचन चिह्न प्रदान गरिने छ ।

स्थानीय तह निर्वाचनमा भाग लिने ७९ राजनीतिक दलमध्ये छ दल राष्ट्रिय मान्यता प्राप्त छन् भने २३ दलले अघिल्लो निर्वाचनमा भाग लिएका छन् ।

त्यस्तै ४० राजनीतिक दलले यसपटकको निर्वाचनमा भाग लिन आयोगबाट स्वीकृति पाएका छन् ।

## मधेस प्रदेशमा २१६३ मतदान स्थल

धनुषा, ४ वैशाख/रासस

मधेस प्रदेशमा स्थानीय तह निर्वाचनका लागि ३३ लाख ३१ हजार १७० जना मतदाता कायम भएका छन् । प्रादेशिक निर्वाचन कार्यालय जनकपुरधामका अनुसार प्रदेशभरि पुरुष १७ लाख ९७ हजार ९४५, महिला १५ लाख ३३ हजार १५८ र अन्य ६६ गरी कुल ३३ लाख ३१ हजार १७० जना मतदाताले मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन आयोग नेपालले २०७९ साल वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको नामावलीसमेत समावेश गरिने हुँदा सो सङ्ख्यामा मतदाताले मतदान गर्न पाउने अधिकार प्राप्त हुने प्रादेशिक निर्वाचन कार्यालयका अधिकारी श्रीधर पन्तले जानकारी दिए ।

निर्वाचन कार्यलयका अनुसार प्रदेशको धनुषामा पुरुष दुई लाख ४८ हजार ८४०, महिला दुई लाख १८ हजार ५४२ र अन्य छजनासहित कुल चार लाख ६७ हजार ३८८, महोत्तरीमा पुरुष दुई लाख १२ हजार २०३, महिला एक लाख ७९ हजार ३७३ र एकजना अन्य गरी जम्मा तीन लाख ९१ हजार ५७७ र सर्लाहीमा दुई लाख ५७ हजार १३८ पुरुष, दुई लाख १७ हजार २९२ महिला र अन्य नौ गरी कुल चार लाख ७४ हजार ४३९ मतदाता रहेका छन् ।

त्यसैगरी सप्तरीमा दुई लाख १३ हजार ८९२ पुरुष, एक लाख ९८ हजार ५३२ महिला र अन्य २१ गरी कुल चार लाख १२ हजार ४४५ र सिरहामा दुई लाख १९ हजार ५६४ पुरुष, एक लाख




तस्वीरः फाइल

९४ हजार ६०० महिला र अन्य दुई गरी जम्मा चार लाख १४ हजार १६६ कायम भएको छ ।

रौतहटमा पुरुष दुई लाख २२ हजार ९४५, महिला एक लाख ८५ हजार ४६, अन्य एकजना गरी जम्मा चार लाख सात हजार ९९२, बारामा दुई लाख ३१ हजार ८२६ पुरुष, एक लाख ९१ हजार ४९० महिला र ११ अन्यसहित कुल चार लाख २३ हजार ३२७ र पर्सामा एक लाख ९१ हजार ५३७ पुरुष, एक लाख ४८ हजार २८३ महिला र १६ जना अन्यसहित कुल तीन लाख ३९ हजार ८३६ जना मतदाताले मतदान गर्न पाउने प्रादेशिक निर्वाचन कार्यालयका अधिकारी पन्तले जानकारी दिए ।

उनले यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनमा मतदान गर्न प्रदेशभरि दुई हजार १६३ मतदानस्थल कायम गरिएको र चार हजार १८९ मतदान केन्द्र निर्धारण गरिएको बताए । उनले कायम गरिएको मतदानस्थल र केन्द्र अनुसार सप्तरीमा २९७ मतदानस्थल, ५३६ मतदान केन्द्र, सिरहामा २२१ मतदानस्थल, ४९८ मतदान केन्द्र, धनुषामा ३२३ मतदानस्थल, ५९३ मतदान केन्द्र, महोत्तरीमा २५८ मतदानस्थल, ४९७ मतदान केन्द्र, सर्लाहीमा ३१८ मतदानस्थल, ५९९ मतदान केन्द्र, रौतहटमा २७६ मतदानस्थल, ५१८ मतदान केन्द्र, बारामा ३०३ मतदानस्थल, ५४१ मतदान केन्द्र र पर्सामा १६७ मतदान स्थल र ४०४ मतदान केन्द्र निर्धारण गरिएको जनाए ।

निर्वाचनका लागि निर्वाचन अधिकृतको तालीम शुरू भएको र वैशाख ८ गतेदेखि स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खोल्ने तयारीसमेत भइसकेको प्रादेशिक निर्वाचन कार्यालयका अधिकारी पन्तले जानकारी दिए ।

## विजय कौशलद्वारा रूंगटा समूहको ओसिबी उद्योग अवलोकन

प्रस, परवानीपुर, ४ वैशाख/

भारत, वृन्दावन निवासी चर्चित सन्त विजय कौशलजी महाराजले वीरगंजको रूंगटा घरानाको ओसिबी फूड्स एन्ड फिड्स प्रालिको भ्रमण अवलोकन गरेका छन् । बारा, परवानीपुर–४ चैनपुरस्थित उद्योग परिसरभित्र सञ्चालित रिफाइनरी तेल उत्पादन गर्ने उद्योगको उनले अवलोकन गरेका हुन् ।

सन् २०१७ मा वीरगंजमा श्रीराम कथा प्रवचन गर्न आउँदा उनकै कर कमलबाट उद्योगको शिलान्यास भएको थियो ।

त्यसपछि उनको वीरगंज आगमन ५ वर्षपछि भएकोले अवलोकन कार्यक्रम राखिएको रूंगटा समूहका सुरेश रूंगटाले बताए । उक्त उद्योग २०१७ मा शिलान्यास गरी दुई वर्षमा निर्माण सकेर सन् २०१९ मा उद्योगले प्रशोधित तेल उत्पादन थालेको थियो । अहिले सन्त विजय कौशलजी महाराज वीरगंजमा गत अप्रिल १२ देखि २० सम्म टाउन हलमा आयोजित श्रीराम कथा प्रवचन समारोहको लागि



तस्वीरः प्रतीक

वीरगंज बसाइमा छन् । उनको कार्यक्रम रूंगटा वेलफेयर सोसाइटी वीरगंजकै आयोजनामा भइरहेको छ ।

यस अघिको सन् २०१७ को र २००० सालको प्रवचन समारोह पनि सोही संस्थाले आयोजन गरेको थियो ।

**सूचना ! सूचना !! सूचना !!!**

यही मिति २०७९/०१/०५ देखि २०७९/०१/१२ गतेसम्म पर्सा जिल्लामा राष्ट्रिय टाइफाइडविरुद्ध खोप अभियान सञ्चालन हुने भएकोले १५ महीनादेखि १५ वर्षसम्मका सम्पूर्ण बालबालिकालाई आआफ्नो नजीकको खोप केन्द्रमा लगी टाइफाइड रोगविरुद्ध खोप लगाई सो उमेर समूहका बालबालिकाहरूलाई टाइफाइड रोग हुनबाट बचाऔं ।

आयोजक
स्वास्थ्य कार्यालय, पर्सा

# पोखरिया र कालिकामाईमा एमालेको चुनावी कार्यक्रम

प्रस, पोखरिया, ४ वैशाख/

पोखरिया नगरपालिका र कालिकामाई गाउँपालिकामा एमालेले चुनावी कार्यक्रम गरेको छ।



नेकपा एमाले, पोखरिया नगर कमिटीको आयोजनामा वडा नं. ८ मा चुनावी कार्यक्रम भएको थियो। सो अवसरमा केन्द्रीय सदस्य राजकुमार गुप्ताले पोखरियाको विकासको लागि एमाले सरकार आवश्यक भएको दाबी गरे। उनले अहिलेको नेतृत्वले पोखरियाको समग्र विकास गर्न नसकेको आरोप लगाए।

कार्यक्रममा एमालेबाट नगरप्रमुखका दाबेदार प्रद्युम्न चौहान, उपप्रमुखको दाबेदार रूबी ठाकुर, वडाध्यक्षका दाबेदार सुनीलसाह गोढलगायतको सहभागिता थियो। सो क्रममा नेताहरूले कार्यकर्तासहित वडा नं ८ मा घरदैलो कार्यक्रम गरेर सूर्यको पक्षमा मत मागेका थिए।

यसैगरी कालिकामाई गापामा शनिवार साँझ चुनावी कार्यक्रम सम्पन्न भएको छ। एमाले केन्द्रीय सदस्य पर्साका इन्चार्ज प्रभु हजरा, जिल्ला अध्यक्ष जयप्रकाश थारू, गापा प्रमुखका दाबेदार पवन तिवारी, धोबिनी गापाका उपप्रमुख पारस कुर्मीलगायतले एमालेको विकल्प नभएको बताए। उनीहरूले स्थानीय चुनावमा एमालेको बहुमत आउने र प्रदेश तथा सङ्घको निर्वाचनमा पनि एमालेकै सरकार बन्ने दाबी गरे।

कार्यक्रममा जसपाबाट निर्वाचित वडाध्यक्ष मोतीलालप्रसाद कुर्मी एमालेमा प्रवेश गरेका थिए र उनले जसपाबाट विकास सम्भव हुने नदेखेर एमालेमा प्रवेश गरेको बताए। मुलुकको समृद्धिका लागि सत्ता सञ्चालन गर्ने स्पष्ट खाका एमालेसँग रहेको उनको बुझाइ थियो। कार्यक्रम एमाले गापा अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको थियो।

# नारायणी सिंचाइका हाकिम सम्मानित

प्रस, परवानीपुर, ४ वैशाख/

नारायणी सिंचाइ व्यवस्थापन कार्यालय गण्डक वीरगंजका प्रमुख प्रसून मिश्र सम्मानित भएका छन्।

जलस्रोत तथा सिंचाइ विभागले उनलाई गत चैत २५ गते सिंचाइ दिवसको अवसरमा काठमाडौंमा आयोजित समारोहमा प्रशंसापत्रसहित सम्मानित गरेको हो। उनले पछिल्लो एक वर्षको कार्यकालमा कार्यालयको बेरूजु करीब ४


प्रसून मिश्र

करोड फछ्र्योट गर्नु अहम् भूमिका निर्वाह गरेको कारण सम्मानित गरिएको हो।

जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव सागर राई, विभागका महानिर्देशक सुशील आचार्यलगायतले उनलाई सम्मानित गरेका थिए। गत २०६०/०६१ देखि गत आव २०७७/७८ सम्म करीब ५ करोड २० लाख बेरूजु रहेकोमा अब मात्र १ करोड २० करोड बाँकी छ।

त्यो बेरूजु पनि हटाएर कार्यालयको आर्थिक कारोबार पारदर्शी र चुस्तदुरूस्त बनाउने उनको लक्ष्य छ।

विभागले बेरूजु घटाउन सहयोग गरेको विभागकै कर्मचारी मनोहर साह, पश्चिम नेपालमा जारी कार्यक्रम 'जनताको तटबन्ध' परियोजनाका प्रमुख मनोरञ्जन सिंह गरी तीनजनालाई सम्मानित गरेको नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, गण्डक वीरगंजका प्रमुख मिश्रले बताए।


## आगलागी हुन नदिन चनाखो बनौं।

आगलागीबाट बर्सेनि अर्बौंको क्षति हुने गरेको छ। सावधानी पालन गर्न सके जनधनको क्षति रोक्न सकिन्छ। त्यसका लागि:

- खाना पकाइसक्ने बित्तिकै आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाइहालौं।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुल्होबाट ग्याँस लिक भएको छ/छैन, ध्यान दिने गरौं।
- ग्याँस वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाइटरजस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं।
- घरबस्ती नजीकै पोखरी, ट्याङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं।

विपद्बारे चासो राखौं, चनाखो बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# अक्षम न्यायाधीशमाथि छानबीन गर्न पूर्वन्यायाधीश फोरमको माग

काठमाडौं, ४ वैशाख/रासस

पूर्वन्यायाधीश फोरम नेपालले सर्वोच्च अदालत र उच्च अदालतमा नियुक्त भएर कार्यरत रहेका तर न्याय सम्पादन गर्न अक्षम न्यायाधीशमाथि छानबीन गर्न माग गरेको छ।

न्यायपालिकाको शुद्धीकरण र सुधारका लागि आफ्ना सुझाव सार्वजनिक गर्न जरूरी देखिएकोले पूर्वन्यायाधीश फोरमले कार्यसमितिद्वारा गठित अध्ययन अनुसन्धान समितिले तयार गरेको प्रारम्भिक सुझावमा न्याय सम्पादन गर्न अक्षम न्यायाधीशमाथि छानबीन गर्दै नियुक्तिमाथि नै छानबीन गर्न एक उच्चस्तरीय आयोग निर्माण गर्नुपर्ने उल्लेख छ।

सुझावमा न्यायाधीश नियुक्तिको वर्तमान प्रक्रिया र पद्धति नै सबैभन्दा बढी विवादित विषय भएर आएकोले न्याय परिषद्को वर्तमान संरचना संशोधन गरी प्रधानन्यायाधीशको अध्यक्षतामा सर्वोच्च अदालतका चार वरिष्ठ न्यायाधीश सदस्य रहने संवैधानिक व्यवस्था गरिनु उपयुक्त हुने उल्लेख गरिएको छ।

न्याय परिषद्को सिफारिशमा प्रधानन्यायाधीश र अन्य सबै तहका अदालतको न्यायाधीश नियुक्त हुने संवैधानिक व्यवस्था गरिनुपर्ने, प्रधानन्यायाधीशलगायत कुनै पनि न्यायाधीशको सम्बन्धमा पर्ने उजूरीलगायत विषयमा आवश्यक छानबीन गर्न न्याय परिषद्ले नै छानबीन समिति गठन गर्न सक्ने व्यवस्था गरी छानबीन समितिले दिएको प्रतिवेदन कार्यान्वयन हुने संवैधानिक व्यवस्था हुनुपर्ने सुझाव दिइएको छ।

छानबीन समितिमा सर्वोच्च अदालत र उच्च अदालतका पूर्वन्यायाधीशबाट तीन, पूर्वमहान्यायाधिवक्ताबाट एक र वरिष्ठ अधिवक्ताहरूबाट एक रहने व्यवस्था हुनु उपयुक्त हुने उल्लेख छ। सुझावमा संवैधानिक परिषद्मा प्रधानन्यायाधीश सदस्य रहने व्यवस्था हटाइनुपर्ने र न्यायाधीशको नियुक्तिका सम्बन्धमा संसदीय सुनवाई हुने वर्तमान संवैधानिक व्यवस्था हटाइनुपर्ने उल्लेख छ।

"सर्वोच्च अदालतका लागि न्यायाधीश सिफारिश गर्दा उच्च अदालतका मुख्य न्यायाधीश वा न्यायाधीशहरूमध्येबाट मात्र सिफारिश गरिनुपर्दछ"–उक्त सुझाव प्रतिवेदनमा भनिएको छ–"उच्च अदालतको न्यायाधीशबाट मात्र उच्च अदालतको मुख्य न्यायाधीश नियुक्त गरिने किटानी व्यवस्था गरिनुपर्दछ।"

उच्च अदालत मातहतमा उच्च अदालतको इजलास रहने हालको व्यवस्था हटाई प्रत्येक प्रदेशमा आवश्यकतानुसार एकभन्दा बढी उच्च अदालत रहन सक्ने संवैधानिक व्यवस्था गरिनुपर्ने र उच्च अदालतमा न्यायाधीश नियुक्तिका लागि सिफारिश गर्दा सेवाभित्रका न्यायाधीशलाई प्राथमिकता दिनुपर्नेलगायत सुझाव प्रस्तुत गरिएको छ।

पूर्वन्यायाधीश फोरमका अध्यक्ष टोपबहादुर सिंहले कानूनबमोजिम कार्य गर्ने संस्थाको नियुक्तिले निरन्तरता पाउनुपर्ने न्यायिक सिद्धान्त अनुसार काम गर्नुपर्ने र केही क्षमताविहीन व्यक्ति सर्वोच्च अदालत तथा उच्च अदालतमा नियुक्ति हुन पुगेको व्यापक जनगुनासो आएकोले त्यस सम्बन्धमा छानबीन गर्नुपर्ने भएकोले अध्ययन गर्न जरूरी रहेको बताए।

# सर्लाहीमा छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

सर्लाही, ४ वैशाख/

सर्लाहीमा छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। मलङ्गवामा भारतीय बसको ठक्करबाट एक साइकलयात्री र साइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ।

मलङ्गवा नगरपालिका-१२ चमेलिमाई मन्दिर नजिकै आइतवार भारतीय बसको ठक्करबाट साइकलयात्री कविलासी नगरपालिका-९, का ५८ वर्षीय शङ्कर रायको मृत्यु भएको प्रहरीले जनाएको छ।

हरिवनमा तीर्थयात्रीलाई छाडेर सदरमुकाम मलङ्गवातर्फ फर्कंदै गरेको बिआर ०६ टि एफ १०७४ नम्बरको मिनी बसले साइकल यात्री रायलाई ठक्कर दिंदा गम्भीर घाइते भएका थिए।

घाइते भएका रायलाई उपचारका लागि तत्कालै प्रादेशिक अस्पताल मलङ्गवामा पुर्‍याउदा चिकित्सकले मृत घोषणा गरेको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए। दुर्घटनापछि बसका चालक फरार भएका छन् भने बस प्रहरीको नियन्त्रणमा रहेको छ।

त्यस्तै साइकलको ठक्करबाट एक वृद्धको मृत्यु भएको छ। मलङ्गवा नगरपालिका-१० जिविसचोक निवासी राममोहन पण्डितको छोरा १४ वर्षीय जितकुमार पण्डितले चलाएको साइकलको ठक्करबाट कविलासी नगरपालिका-५ निवासी ६८ वर्षीय अच्छेलालराय यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

मलङ्गवा-१० स्थित बाटो क्रस गर्ने क्रममा पैदलयात्री रायलाई पण्डितले चलाएको साइकलले ठक्कर दिएको थियो। ठक्करबाट गम्भीर घाइते अच्छेलाललाई तत्काल उपचारका लागि ओम अस्पताल मलङ्गवा लगिएको र उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। ठक्कर दिने साइकल र साइकल चालक पण्डितलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# कृषि गणनाको लागि तालीम सम्पन्न

प्रस, वीरगंज, ४ वैशाख/

सातौं राष्ट्रिय कृषि गणना २०१८ को लागि गणक छनोट प्रक्रिया तथा नौ दिने तालीम सम्पन्न भएको छ। पर्सामा २५ जना सुपरिवेक्षक, ९९ जना गणक छनोट भएको कृषि गणना कार्यालय, पर्साका प्रमुख केशव ज्ञवालीले बताए।


तस्वीर: सौजन्य

उनले 'कृषि योजना र विकासको मूल आधार, पारौं कृषि गणना-२०७८ साकार' नाराका साथ २०७९ वैशाख ८ देखि जेठ २१ गतेसम्म कृषि गणना कार्य हुने जानकारी गराए। उनले वडामा गणक र सुपरिवेक्षक खटाइने र उनीहरूले विभिन्न योजना, बजेट, सामाजिक तथा आर्थिक विनियोजन गर्ने, किसानको बीमा, बीउबिजनबारे जानकारी लिने बताए। यसका लागि सुपरिवेक्षक र गणकहरूलाई नौ दिने तालीम दिने कार्य सम्पन्न भएको प्रमुख ज्ञवालीले बताए।

## इन्धनका लागि..........

मल बनाउनुपर्ने गोबर दाउरामा प्रयोग गरिन्छ"–महोत्तरीकै भङ्गाहा नगरपालिका-६ हतिसर्वा पर्साका ७० वर्षीय किसान दीपलालसिंह थारू भन्छन्–"खेतबारी मलिलो बनाउने कम्पोस्ट मल नभएपछि उत्पादन निकै घटेको छ।"

अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वराशक्ति ह्रास भएर यहाँका जग्गा ढड्यान (उब्जा नहुने रूखो जग्गा) बन्ने किसान बताउँछन्। सरकारले सर्वसाधारण किसानलाई ग्याँस चुलो जडान गर्न उत्प्रेरित गर्न र गरीब जनतासम्म वन सम्पदा (दाउरा) मा पहुँच बढाउन पहलकदमी लिनुपर्ने उनीहरूको भनाइ छ।

# जसपाको घरदैलो कार्यक्रम

प्रस, वीरगंज, ४ वैशाख/

जनता समाजवादी पार्टी नेपाल, पर्साले वीरगंज महानगरपालिका-१६ मा आइतवार घरदैलो तथा अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ।


तस्वीर: सौजन्य

जसपाबाट वीरगंज महानगरको प्रमुख पदका उम्मेदवार राजेशमान सिंहले निर्वाचित जनप्रतिनिधिले उपलब्धिमूलक काम नगरेको आरोप लगाए। उनले जसपाका उम्मेदवारहरूले मात्र महानगरमा विकास गर्ने ठोकुवा गरे। सिंहले आफू महानगरको प्रमुखको रूपमा निर्वाचित भएमा यहाँको सरकारलाई जनमैत्री र पारदर्शी बनाउने र जनताको घरदैलोसम्म सेवा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे। घरदैलो कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## ठोरीमा टाइफाइडविरुद्ध.....

सङ्क्रमणमा सुई लगाउन नहुने भए पनि स्थानीय निजी स्वास्थ्य व्यवसायीहरूले जुनसुकै चरणको ज्वरो भए पनि सुई प्रयोग गर्नाले यस रोगका कीटाणुमा प्रतिरोधात्मक क्षमता बढिरहेकाले धेरै औषधीले काम नगर्ने अवस्था आएको चौकी प्रमुख हबीबले बताए।

अभियान अन्तर्गत ठोरी-४ मावि विजयबस्ती खोप केन्द्रमा वैशाख ७ र ८ गते ६६८ जनालाई, ज्ञानज्योति मावि, घ्याङडाँडा खोप केन्द्रमा वैशाख ९ र ११ गते ४२४ जनालाई, नेराआवि, निर्मलबस्ती खोप केन्द्रमा वैशाख १२ गते १६९ जनालाई र वैशाख १३ गते निर्मलबस्ती स्वास्थ्य चौकीमैं छुटेका अन्य बालबालिकालाई खोप लगाइने उनले बताए।

कार्यक्रममा खोप समन्वय समितिका पदाधिकारीहरू रामबहादुर श्रेष्ठ र मानबहादुर श्रेष्ठलगायतको सहभागिता थियो।